नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सिंहदरबार, काठमाण्डौं

प.सं.:२०७५/७६
च. नं.: ६६९

मितिः २०७६।०१।१६

बिषयः निर्देशन कार्यान्वयनको प्रगति पठाउने सम्बन्धमा ।

श्री स्थानीय पुर्वाधार विभाग
पुल्चोक ललितपुर
श्री प्रतिष्ठान, समिति सबै

प्रस्तुत विषयमा संघीय संसद प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिको प.सं.२०७५/७६, च.नं.१४८, मिति २०७६/०२/१३ को पत्रमार्फत उक्त समितिको मिति २०७५/१२/१२ को बसेको बैठकबाट भएको देहाय बमोजिम निर्णय कार्यान्वयनको प्रगति यथाशिघ्र पठाउन लेखी आएको हुँदा सो निर्णय कार्यान्वयनको सम्बन्धमा हाल सम्म भएको प्रगति २०७६/०२/१७ गते भित्र पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

तपशिल

समितिको निर्णय

" बहुवर्षीय ठेक्का लागेका र प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिएका सडक एवं पुल लगायतका आयोजनाहरु वित्तीय स्रोत र पर्याप्त जनशक्तिको अभावमा अलपत्र परेको तथा प्रदेश र स्थानीय तहले स्वामित्व समेत लिन तयार नभएको देखिएकाले त्यस्ता आयोजनाहरुका लागि आवश्यक बजेट संघले नै उपलब्ध गराउने र प्रदेशका लागि आवश्यक प्राविधिक जनशक्ति समेत तत्काल सम्बन्धित ठाउँमा खटाउन समिति नेपाल सरकार अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।"

..............................
(कमल प्रसाद दाहाल)
शाखा अधिकृत